# आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको नवौं वार्षिक साधारण सभाको निर्णयको विवरण (माईन्युट)

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको नवौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१. **सभा संचालन मिति, समय र स्थान :**

मिति : २०७९ साल पुस २९ गते शुक्रबार (13 January, 2023)

समय : बिहानको ९:०० बजे देखि

स्थान : एशियन होटल प्रा.लि., बुटवल-१० कालिकानगर, रूपन्देही

२. **सभाको सूचना :**

(क) वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम प्रथम पटक मिति २०७९/०९/०८ गते र दोश्रो पटक मिति २०७९/०९/१९ गतेको कारोबार दैनिकमा छलफलका विषयसूची, सभा हुने मिति, स्थान तथा माध्यम र समय सहितको सूचना प्रकाशित गरिएको थियो । साथै वित्तीय संस्थाले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को नवौं वार्षिक प्रतिवेदन शेयर सदस्यलाई पठाउनुको साथै वित्तीय संस्थाको वेबसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

(ख) वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन सम्बन्धित नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल राष्ट्र बैंक, बाह्य लेखापरीक्षक, आन्तरिक लेखापरीक्षकलाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

३. **सभामा प्रस्तुत छलफलका विषयहरु:**

**क) सामान्य प्रस्ताव:**

१. नवौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।
४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ३ (तीन) प्रतिशतले हुने रकम रु. २ करोड ४१ लाख ५४ हजार ६ सय ७२ रुपैयाँ (बोनस शेयरको कर प्रयोजनार्थ समेत गरी) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
५. संस्थापक शेयरधनी समुह "क" बाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव:**

१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ८ प्रतिशतले हुने रकम रु. ६ करोड ४४ लाख १२ हजार ४ सय ५९ रुपैयाँ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु. ८० करोड ५१ लाख ५५ हजार ७ सय ४१ बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ८६ करोड ९५ लाख ६८ हजार २ सय र पैसा ५८ पुऱ्याउने ।
३. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
४. प्रस्तावित संशोधनमा नियामक निकायहरुवाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध:**

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. RSDC २०७०

४. सभामा उपस्थिति:

(क) सञ्चालकहरुको उपस्थिति:

| | |
|---|---|
| १) श्री राजेन्द्र प्रसाद दाहाल | अध्यक्ष |
| २) श्री चन्द्रराज शर्मा | सदस्य |
| ३) श्री बिष्णु प्रसाद पौड्याल | सदस्य |
| ४) श्री हरि प्रसाद भट्टराई | सदस्य |
| ५) श्री अमर डगोल महर्जन | सदस्य |
| ६) श्री शान्ति प्रसाद उप्रेती | सदस्य |
| ७) श्री ध्रुव कुमार पौडेल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |

(ख) शेयरधनीहरुको उपस्थिति:

| | |
|---|---|
| स्वयम उपस्थित: | - १८० जना |
| प्रोक्सी मार्फत उपस्थित | - ८० जना |
| जम्मा शेयरको प्रतिनिधित्व | - ४२,९३,६८८.६३ कित्ता |
| उपस्थिति प्रतिशत | - ५३.३३ प्रतिशत |

(ग) आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक एवं अन्य उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री अजय घिमिरे | प्रतिनिधि | - बि.ओ.के.क्यापिटल मार्केट लि. |
| २. अधिवक्ता, श्री गोबिन्द प्रसाद मरासिनी | प्रतिनिधि | - निर्वाचन अधिकृत |

५. सभाको वैधानिकता:

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयंम वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान भए अनुसार विहान १०:०० बजेसम्म कुल शेयर संख्या ८०,५१,५५७.४१ कित्ताको ५० प्रतिशत भन्दा बढी शेयर संख्याको स्वयंम तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन हुँदा सम्मको हाजिरी अभिलेख अनुसार ४२,९३,६८८.६३ कित्ता शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

६. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत:

उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभामा स्वागत गर्दै कम्पनी सचिवले सञ्चालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षलाई आग्रह गर्नु भयो । सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले संस्थाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सभामा वाचन गरी प्रस्तुत गर्नुभयो ।

७. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु:

अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदन तथा आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक बिवरण, आषाढ मसान्त २०७९ सम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन लगायत आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु उपर जिज्ञासा, टिप्पणी र सुझावको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भएकोमा देहाय बमोजिमका शेयरधनी महानुभावहरुबाट जिज्ञासा, टिप्पणी तथा सुझावहरु प्राप्त भएको थियो ।

१.श्री यम बहादुर राउतः
शेयरधनी श्री राउतले संस्थापक शेयर बिक्री गर्ने प्रकृया के कस्तो रहेको छ, संस्थाले बोनस शेयर भन्दा नगद लाभांश दिएको भए राम्रो हुने थियो भन्ने सुझाव दिँदै संस्थाको उत्तरोत्तर प्रगतीको कामना गर्नु भयो ।

२.श्री भुमिलाल सापकोटाः
शेयरधनी श्री सापकोटाले सभालाई सम्वोधन गर्दै मर्जर/प्राप्ति सम्वन्धि प्रकृया कहाँ पुगेको छ, संस्था एक आपसमा गाभिदा लगानीकर्ताको हित सुरक्षित हुने गरी कार्य गर्न सुझाव दिनु भयो ।

३.श्री देवेन्द्र अंगाईः
शेयरधनी श्री अंगाईले सभालाई सम्वोधन गर्दै वित्तीय बजारमा देखा परेका बिबिधखाले चुनौतीहरु समाधान गर्न के कस्ता उपायहरु अवलम्बन गरिएको छ । साझेदार संस्थाहरुको छनौट,अनुगमन निरिक्षण र सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा समेत ध्यान दिन सुझाव दिँदै हालको अवस्थामा प्रस्ताव गरिएको लाभांश सन्तोषजनक भएको धारण व्यक्त गर्नु भयो ।

४.श्री गिरिराज ज्ञवाली :
शेयरधनी श्री ज्ञवालीले सभालाई सम्वोधन गर्दै बैंक वित्तीय संस्थाहरु नाफामुलक मात्रै भए भन्ने आरोप लागिरहेको बेला हामी नाफामुलक मात्रै नभएर सेवा दिने संस्था पनि हो भनेर बुझाउनु पर्ने बेला आएको धारण व्यक्त गर्नु भयो ।

५.श्री चन्द्रकान्त भण्डारीः
शेयरधनी श्री भण्डारीले सभालाई सम्वोधन गर्दै बार्षिक प्रतिवेदनमा दिर्घकालिन रणनितिक योजना समेत समावेश गरी तुलनात्मक वित्तीय विवरणहरु प्रस्तुत गर्दा अझै राम्रो हुने सुझाव दिनु भयो ।

६.श्री उत्तम बेल्बासेः
शेयरधनी श्री बेलबासेले सभालाई सम्वोधन गर्दै सञ्चालक समितिमा महिला संचालक हुनुपर्ने, लघुवित्त कार्यक्रम संचालन सम्वन्धमा वित्तीय साक्षरता कार्यक्रम संचालन गर्नु पर्ने सुझाव दिनुभयो ।

७.श्री वेद प्रसाद बस्यालः
शेयरधनी श्री बस्यालले सभालाई सम्वोधन गर्दै ग्रामीण क्षेत्रमा संचालित सहकारी संस्थाहरुले समेत कर्जा प्राप्त गर्न सक्ने गरी कर्जाको ब्याजदर निर्धारण गर्न र साझेदार संस्थाहरुको क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रम संचालन गर्न सुझाव दिनु भयो ।

८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तरः
शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावको जवाफ अध्यक्ष, मर्जर समितिका संयोजक र प्रमुख कार्यकारी अधिकृतले दिँदै शेयरधनी महानुभावहरुले दिनुभएको सल्लाह, सुझाव र हौसला तथा सकारात्मक प्रतिकृयाले संस्थालाई अगाडी बढाउन थप प्रेरणा मिलेको बताउनु भयो ।

९. सभाको प्रस्ताव तथा निर्णयहरुः

(क) सामान्य प्रस्ताव :

**१. नवौं वार्षिक साधरण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले सभामा प्रस्तुत गर्नुभएको सञ्चालक समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. RSDC २०७०

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**३. आर्थिक बर्ष २०७९/८० का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।**

आर्थिक बर्ष २०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिसमा संचालक समिति मार्फत सभामा पेश भएको प्रस्ताव प्रस्तुत हुँदा सभाबाट श्री पिवाइसी एण्ड एशोसिएट्सका चार्टर्ड एकाउन्टेन्टलाई रु.२,८७,५००/- (अक्षरेपी दुई लाख सतासी हजार पाँच सय रुपैयाँ मात्र) भ्याट बाहेक लेखापरीक्षण शुल्क प्रदान गर्ने गरी आर्थिक वर्ष २०७९/८० का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ३(तिन) प्रतिशतले हुने रकम रु. २ करोड ४१ लाख ५४ हजार ६ सय ७२ रुपैयाँ (बोनस शेयरको कर प्रयोजनार्थ समेत गरी) वितरण गर्न स्वीकृती प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ३ (तिन) प्रतिशतले हुने रकम रु. २ करोड ४१ लाख ५४ हजार ६ सय ७२ रुपैयाँ (बोनस शेयरको कर प्रयोजनार्थ समेत गरी) बितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**५. संस्थापक शेयरधनी समूह "क" बाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनी समूह "क" बाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरु निर्वाचन गर्न वित्तीय संस्थाको सञ्चालक निर्वाचन निर्देशिका २०७१ को दफा ३ मा व्यवस्था भएअनुसार, मिति २०७९ पुस ०७ गतेको सञ्चालक समितिको १३७ औं बैठकको निर्णयबाट नियुक्त हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता श्री गोविन्द प्रसाद मरासिनीलाई निर्वाचन सम्बन्धी कार्यक्रम अगाडी बढाउन कम्पनी सचिवले समय प्रदान गर्नु भयो । निर्वाचन अधिकृत श्री गोविन्द प्रसाद मरासिनिले पूर्व प्रकाशित निर्वाचन कार्यक्रम अनुसार ४ जना शेयरधनीले मात्र उम्मेदवारी दर्ता गराएको र तोकिएको समयमा कुनै दाबी बिरोध नआएकाले ग्रामीण स्वावलम्बन विकास केन्द्र काठमाण्डौंका तर्फबाट श्री राजेन्द्र प्रसाद दाहाल, साविक बैंक अफ काठमाडौं लि. को तर्फबाट श्री चन्द्रराज शर्मा, तथा व्यक्तिगत लगानीकर्ताका तर्फबाट श्री विष्णु प्रसाद पौड्याल र श्री दामोदर जोशी संस्थापक शेयरधनी समुह बाट आगामी ४ बर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

(ख) विशेष प्रस्ताव :

**१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पूँजीको ८ प्रतिशतले हुन आउने रकम रु. ६ करोड ४४ लाख १२ हजार ४ सय ५९ रुपैया बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरेको चुक्ता पूँजीको ८ प्रतिशतले हुन आउने रकम रु. ६ करोड ४४ लाख १२ हजार ४ सय ५९ रुपैया बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**२. वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी रु. ८० करोड ५१ लाख ५५ हजार ७ सय ४१ बाट वृद्धि गरी जारी पूँजी तथा चुक्ता पूँजी रु. ८६ करोड ९५ लाख ६८ हजार २ सय पुर्‍याउने ।**

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. २०७०

वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी रु.८० करोड ५१ लाख ५५ हजार ७ सय ४१ बाट वृद्धि गरी जारी पूँजी तथा चुक्ता पूँजी रु.८६ करोड ९५ लाख ६८ हजार २ सय पुर्‍याउने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

**३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन/परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

<u>प्रबन्धपत्रमा संशोधन :</u>

**दफा ६ (ख)** वित्तीय संस्थाको जारी शेयर पूँजी रु. ८६,९५,६८,२००।- (छ्यासी करोड पन्चानब्बे लाख अठसट्ठी हजार दुई सय रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ८६,९५,६८२ (छ्यासी लाख पन्चानब्बे हजार छ सय बयासी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)** वित्तीय संस्थाको चुक्ता पूँजी रु. रु. ८६,९५,६८,२००।- (छ्यासी करोड पन्चानब्बे लाख अठसट्ठी हजार दुई सय रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ८६,९५,६८२ (छ्यासी लाख पन्चानब्बे हजार छ सय बयासी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**४. प्रस्तावित संशोधनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।**

साधारण सभाबाट पारित प्रबन्धपत्रको संशोधनमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायबाट प्राप्त निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्र तथा नियमावलीलाई अन्तिम रुप दिन र साधारण सभाका निर्णय कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग) विविध :**

कम्पनी ऐन २०६३ को दफा ७७ (२) बमोजिम विविध शीर्षक तथा प्रस्तावहरु उपर छलफल गर्न ७ दिन अगावै अध्यक्ष मार्फत लिखित रुपमा जानकारी दिनु पर्ने व्यवस्था अनुरुप कुनै पनि प्रस्ताव दर्ता नभएको, कम्पनी ऐनमा व्यवस्था भए बमोजिम निर्णय पुस्तिकामा अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने र सम्बन्धित निकायहरुलाई पठाउने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

<u>१०. धन्यवाद ज्ञापन तथा सभाको समापन र विसर्जन :</u>

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षले नवौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त साझेदार संस्थाहरु, कर्मचारी परिवार लगायतलाई वहाँहरुले आ-आफ्नो तर्फबाट दिनुभएको योगदानको उच्च सम्मान गर्दै शेयरधनी महानुभावहरुले सकारात्मक मन्तव्य तथा सुझावहरु प्रस्तुत गर्नुभएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

अन्त्यमा, सभाका अध्यक्षले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा दिनको १२:३० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. RSDC २०७०

ध्रुव कुमार पौडेल
कम्पनी सचिव

राजेन्द्र प्रसाद दाहाल
अध्यक्ष